# हरिवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# हरिवन सर्लाही

## बजार ठेक्का सम्वन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७५।०४।१७**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ ञ (२) बमोजिम हरिवन नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका आन्तरिक श्रोत तर्फको आय, कर, शुल्क, दस्तुर, हरिवन नगरपालिकाबाट स्वीकृत दर रेटमा आ.व. २०७५/०७६ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्म नवीकरण भएको प्रमाण-पत्र,मूल्य अभिवृद्धि कर तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा बोलपत्र फाराम यस कार्यालयबाट खरिद गरी रित पूर्वकको गोप्य शिलवन्दी बोलपत्र दोस्रोपटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र पेश गर्न सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्काको किसिम | वजार लाग्ने क्षेत्र | न्युनतम अंक | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | खसीबाख्रा वजार | हरिवन न.पा.वजार | २१,९३,१५१।०० | ३०००।- | |
| २ | मिना वजार | हरिवन न.पा.वजार | २१,६२,००१।०० | ३०००।- | |
| ३ | गँगा वजार | हरिवन न.पा.वजार | १६,३५,०८०।०० | ३०००।- | |
| ४ | हरिवनबाट बाहिर जाने फलफुल,तरकारी तथा कवाडी सेवा शुल्क | हरिवन न.पा.वजार | ५,५७,४००।०० | १०००।- | |
| ५ | नयाँ वजार(धरहरा) | हरिवन १०धरहरा वजार | १,३५,०००।०० | १०००।- | |
| ६ | डावरी वजार | हरिवन-३ डावरी वजार | २५,५००।०० | १०००।- | |
| ७ | नयाँ तरकारी वजार | हरिवन-१० नयाँगाउँ | १,२०,०००।०० | १०००।- | |

**शर्तहरू**

१. ठेक्का अवधि मिति २०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्म हुनेछ ।

२. आफुले कबोल गरेको अंकको ५% धरौटी ने.वैं.लि. हरिवन शाखा स्थित खाता नम्वर १३२०३००००००००३००००१ मा जम्मा गरी सो को अर्धकट्टी सक्कलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

३. बोलपत्रदाताले आफूले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल सरकारबाट अन्य निर्णय भई आएमा सोही बमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्रदाता स्वयमले व्यहोर्नुपर्नेछ ।

५. स्वीकृत बोलपत्र दाताले आफुले कबोल गरेको कुल रकम ३ (तीन) किस्तामा बुझाउन सक्नेछ । यसरी बुझाउने किस्ताहरु ठेक्का पट्टाको सम्झौता गर्दा पहिलो किस्तामा ४०% नगद बुझाउनु पर्नेछ । दोश्रो किस्ता पौष मसान्त भित्र ३०% र तेश्रो किस्ता चैत्र मसान्त भित्र ३०% जम्मा ६०% किस्ता रकम बराबरको २०७५ साल श्रावण मसान्त सम्म १३ महिना म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाँणिज्य बैंक,नेपाल बैंक,कृषि विकास बैंक (वित्तिय संस्था, फाईनान्स, कम्पनी, सहकारी वित्तिय संस्थाहरु बाहेक) को कार्य सम्पादन जमानत सम्झौता गर्दा नै पेश गर्नु पर्नेछ । उक्त जमानत पेश नगरेमा निजको धरौटी जफत गरी प्रचलित कानून बमोजिम कार्वाही गरिनेछ । स्वीकृत बोलपत्र दाताले कबोल गरेको कुल रकम एकमुष्ट बुझाउन चाहेमा नियमानुसार १०% छुट दिईनेछ ।

६. हरिवन नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरु तिर्नुपर्ने बक्यौता देखिएमा त्यस्ता व्यक्तिहरुको नाउमा ठेक्का स्वीकृती हुने छैन ।

७. बोलपत्र स्वीकृती भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र बोलपत्र दाताले सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटी रकम जफत गरिनेछ ।

८. जुन व्यक्ति वा फर्मको नाउँबाट बोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नाउँबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नाउँबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदिबाट पठाएको बोल पत्र स्वीकार्य हुने छैन । शिलबन्दी खाममा कुन कुन ठेक्काको लागि बोलपत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ । साथै बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रुपले खामको बाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

९. दर्ता हुन आएको बोल पत्रहरु स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र फाराम २०७५ श्रावण २२ गते कार्यालय समयभित्र हरिवन नगरपालिका कार्यालयबाट खरिद गरी श्रावण २३ गते १२:०० बजे भित्र हरिवन नगरपालिका कार्यालय सर्लाहीमा दर्ता गराउनु पर्नेछ र सोही दिनको २:०० बजे बोलपत्र खोल्ने कार्य हुनेछ । बोल पत्र फाराम दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

११. बोलपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

४/१६

**प्रमुख प्रशासकीय अधिकृत**